# नेपालगञ्ज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नेपालगञ्ज, बाँके, ५ न.प्रदेश, नेपाल

**महिला बस परिचालक पदका लागि सेवा करारमा भर्ना सम्वन्धी सूचना ।**

**सूचना प्रकाशित मिति २०७६।०४।२९**

नेपालगञ्ज उप-महानगरपालिकाको साझेदारी विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७५ र नगर बस सञ्चालन निर्देशिका, २०७६ बमोजिम नगर बस सञ्चालन गर्न महिला वस परिचालक पद सेवा करार मार्फत् पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट लोक सेवा आयोगबाट स्वीकृत फाराम भरि दरखास्त पेश गर्नहुन यसै सूचना मार्फत् सम्बन्धित सवैमा आव्हान गरिन्छ ।

**१. आवश्यक पद सम्बन्धि विवरण :**

| विज्ञापन नं. | पद | माग पद संख्या | आवश्यक न्यूनतम योग्यता | उमेर | परिक्षाको किसिम | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १-०७६/७७ | महिला बस परिचालक | ७ (सात) | साधारण लेखपढ | १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । | अन्तरवार्ता | रु.१००।- |

**२. दरखास्त फाराम दर्ता मिति :-** २०७६/०४/२९ गते देखि २०७६/०५/३ गते कार्यालय समयसम्म ।

**३. दरखास्त फाराम पाईने स्थान :-** नेपालगञ्ज उपमहानगरपालिका, नेपालगञ्ज, बाँके ।

**४. परिक्षाको किसिम :-** अन्तरवार्ता ।

**५. दरखास्तसाथ समावेश गर्नुपर्ने कागजातहरु :**

- नेपाली नागरिकताको प्रतिलिपि- १ प्रति,
- शैक्षिक योग्यता रेहेको भए प्रमाणपत्र प्रतिलिपि १/१ प्रति,
- दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडिपट्टि सक्कल बमोजिम नक्कल ठिक छ भनि उम्मेदवार स्वयंले दस्तखत गर्नुपर्नेछ ।

**६. अन्तरवार्ता हुने स्थान :** नगरकार्यपालिकाको कार्यालयले तोके बमोजिमको स्थानमा ।

**७. सम्पर्क मिति तथा स्थान :-** मिति २०७६/०५/४ गते, नगरकार्यपालिकाको कार्यालय, नेपालगञ्ज ।

८. हलुका सवारी चालक चलाउन सक्ने वा सो विषयको तालिम प्राप्त गरेको ।

९. नगर वसमा रहि यात्रुहरुबाट तोकिएको भाडा असुली कार्य गर्नसक्ने साथै बस परिचालन सम्बन्धी सम्पूर्ण जिम्मेवारी वहन गर्नसक्ने दलित, मधेशी र मुस्लीम समुदाय अन्तर्गत पिछडीएका समूहका महिलाहरुलाई विशेष ग्राहयता दिईनेछ ।

**१०.** विस्तृत जानकारीका लागि यस कार्यालयको वेभसाइट www.nepalgunjmun.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ

**(गोर्ख बहादुर थापा)**

**नि.प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत